परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ७६ पृष्ठ ४ २०८२ पुष २२ गते, मंगलबार 6 January, 2026 मूल्य रु. ५/–

हामीलाइ www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD.

१६औं बार्षिकोत्सव
को अवसर मा निशुल्क सदस्यता (डीस्काउन्ट) कार्ड वितरण संगै २०% सम्मको छुट

आजै सम्पर्क गर्नुहोस्

शुभ स्वस्तिक हस्पिटल प्रा. लि.
बर्दिबास, महोत्तरी
९८०१६८१८२२, ९८१२००३४८४, ०४४-५५०२५५

## बर्दिवास बजार अनुगमन: त्रुटि सच्याउन व्यवसायीलाई

# प्रशासनको निर्देशन, पुन: गल्ती भेटिए कारबाही

टक नेपाल



महोत्तरी प्रशासनले आइतबार बर्दिवास बजारमा अनुगमन गरी व्यवसाय सञ्चालनका क्रममा देखिएका त्रुटि सच्याउँदै मापदण्डअनुसार अघि बढ्न व्यवसायीलाई निर्देशन दिएको छ।

बर्दिवासमा सञ्चालित मार्ट, किराना पसल, डिपार्टमेन्ट स्टोर, कस्मेटिक पसल, मिठाई पसल तथा मसाज सेन्टरहरूको अनुगमन गर्दै प्रशासनले नियमअनुसार व्यवसाय सञ्चालन गर्न व्यवसायीलाई सजग र सचेत गराएको हो। इलाका प्रशासन कार्यालय बर्दिवासका प्रमुख माधवराज न्यौपानेको नेतृत्वमा बर्दिवास उद्योग वाणिज्य संघ, उपभोक्ता संरक्षण मञ्च, प्रहरी तथा अन्य सरोकारवालाको सहभागितामा करिब तीन घण्टा बजार अनुगमन गरिएको थियो।

अनुगमनका क्रममा केही व्यवसायमा कागजपत्र अद्यावधिक नभएको, म्याद गुज्रिएका सामान बिक्रीका लागि राखिएको, उत्पादन मिति नखुलेका सामान भेटिएको, मूल्य सूची नराखिएको तथा बिल नकटाई कारोबार गरिएको जस्ता समस्या देखिएको इलाका प्रशासन प्रमुख न्यौपानेले जानकारी दिए।

पछिल्लो समय मसाज सेन्टरलाई लिएर अनैतिक गतिविधिको गुनासो बढेपछि ती केन्द्रहरूमा पनि विशेष अनुगमन गरिएको उनले बताए। रोयल र रेड रोड मसाज सेन्टरमा बिल नकटाई कारोबार गरिएको र मसाज गर्ने व्यक्तिको व्यक्तिगत विवरण नराखिएको पाइएकाले सबै कर्मचारीको व्यक्तिगत परिचयपत्रसहित विवरण राख्न र अनिवार्य रूपमा बिल काटेर व्यवसाय गर्न निर्देशन दिइएको उनले बताए।

घर संसार, बर्दिवास घर संसार, मेट्रो मार्ट, महतो किराना पसल, एमआर बेकरी, प्रनु कस्मेटिक एण्ड गिफ्ट हाउस, श्रीराम स्वीट एण्ड चाट हाउस तथा विभिन्न मसाज सेन्टरहरूमा गरिएको अनुगमन पहिलोपटक भएकाले तत्काल कारबाही नगरी सचेत मात्रै गराइएको प्रशासनले जनाएको छ।

उपभोक्ता संरक्षण मञ्चका दीपेन्द्र पराजुलीका अनुसार आगामी दिनमा पुनः अनुगमन गर्दा यस्तै त्रुटि दोहोरिएमा कानुनअनुसार जरिवाना तथा आवश्यक कारबाही गरिने चेतावनीसमेत व्यवसायीलाई दिइएको छ।

# एमबीबीएसमा नाम निकालेका ओमप्रकाशलाई युवा अभियानद्वारा आर्थिक सहयोग



टक नेपाल

सप्तरीको बोदे बरसाइन नगरपालिका-१० खडकपुरका ओमप्रकाश दासलाई जागरुक युवा अभियानले आर्थिक सहयोग गरेको छ।

एमबीबीएस प्रवेश परीक्षामा पूर्ण छात्रवृत्तिमा नाम निकालेका दासलाई होस्टेललगायत खर्च अभाव भइरहँदा अभियानमा आबद्ध युवाहरूले उनको घरमै पुगेर २१ हजार ५ रुपैयाँ आर्थिक सहयोग गरेका हुन्।

'विपन्न परिवारका विद्यार्थीलाई पढाइको लागि होस्टेल खर्चमा समस्या भइरहेको विषयमा जानकारी पाएपछि हामीले तत्काल सक्दो सहयोग गर्यौं,' अभियान अगुवा पुष्पेन्द्र साहले भने, 'आगामी दिनमा पनि हामी सहयोग गर्छौं।' अभियानमा आबद्ध युवाहरु सुरेन्द्र साह, राजु यादव, राजकिशोर यादव, शिवनाथ साह लगायतले सहयोग गरेका हुन्।

दलित विपन्न परिवारका दासले पढाइ खर्च जुटाउन बिजुली मिस्त्रीको काम गर्दै एमबीबीएस प्रवेश परीक्षाका लागि तयारी गरेका थिए। चिकित्सा शिक्षा आयोगले गत कार्तिक १५ मा लिएको एमबीबीएस प्रवेश परीक्षामा उनले मधेसी दलित कोटाबाट नाम निकालेका हुन्।

परिवारले एक लाख रुपैयाँ ब्याजमा लिएर दासलाई पुस ६ मा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा भर्ना गराए पनि होस्टेल, ड्रेस, किताब र कपी खर्च अभाव रहेको जनाएको छ। कलेजमा भर्ना गराउँदा धरौटीबापत र अन्य गरी ६४ हजार ५ सय रुपैयाँ र दाङ आउजाउ गर्न ब्याजमा लिएको केही रकम खर्च भइसकेको छ।

# वीरगञ्ज फेरि तनावग्रस्त

टक नेपाल

वीरगञ्ज महानगरपालिका क्षेत्र आज (सोमबार) बिहानैदेखि फेरि तनावग्रस्त बनेको छ। विभिन्न हिन्दुवादी सङ्गठनहरूले बिहानैदेखि विरोध प्रदर्शन सुरु गरेपछि यहाँको अवस्था तनावपूर्ण बनेको हो। धनुषामा भएको मस्जिद तोडफोडको घटनालाई लिएर आइतबार मुस्लिम समुदायले प्रदर्शन गरेको थियो। त्यसको विरोधस्वरूप तथा हिन्दु देवीदेवतामाथि अभद्र र आपत्तिजनक टिप्पणी गरिएको भन्दै सोमबार बिहान हिन्दुवादी सङ्गठनहरू प्रदर्शनमा उत्रिएका हुन्। हिन्दु धर्मबारे अफवाह फैलाउने र अपमान गर्नेहरू विरुद्ध कारबाहीको माग गर्दै सङ्गठनले विरोध प्रदर्शन गरेको अगुवाहरूले बताएका छन्।




पर्सा प्रहरीका अनुसार अहिले मुस्लिम समुदाय र हिन्दु समुदाय दुवैले वीरगञ्जमा एक अर्काविरुद्ध प्रदर्शन गरिरहेका छन्। दुवै समुदाय आमुन्नेसामुन्ने भएर प्रदर्शनमा उत्रिएपछि सुरक्षा व्यवस्था कडा पारिएको छ। सम्भावित झडपलाई मध्यनजर गर्दै प्रहरीले वीरगञ्जको मकालु चोकमा प्रवेशमा रोक लगाएको छ।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जो हो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,






- बालबालिका, वृद्ध–वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बर्दिबास नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

Pan No. 121584733
DDA No. 3780432055942

खुशी मेडिकल हल
9705446882, 9705446883

औषधी पसल

बर्दिवास-२, महोत्तरी

यहाँ सबै प्रकारका औषधी सुपथ मुल्यमा पाउनुका साथै २४ घण्टा फार्मेसी तथा ल्याब सेवा उपलब्ध छ।

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

### भेनेजुएलामाथिको हमलाले उठाएको प्रश्न, अब को कसरी सुरक्षित छ ?

देश भन्नु के हो ? त्यसको सिमाना, सिमानाभित्रका नागरिकलाई एकीकृत गर्ने राजनीतिक व्यवस्था र उनीहरूलाई अधिकारसम्पन्न र जवाफदेही बनाउने कानुन। कानुन, व्यवस्था र सिमाना यस्तो लक्ष्मणरेखा हो जसले मानव सभ्यतालाई जोगाइरहेको छ। देशभित्रको आत्मसम्मान, क्षेत्रीय सहकार्य र विश्वस्तरीय समझदारीले दुनियाँ मानवीय बनेको छ। आपसी सम्मान, सहकार्य र समझदारीबिना यो दुनियाँ मानवीय बन्न सक्दैन। शनिबार मध्यरात अमेरिकाले भेनेजुएलामाथि हमला गर्दै राष्ट्रपति निकोलस मदुरो र पत्नी सिलिया फ्लोरेसलाई कब्जामा लिएसँगै यो प्रश्न फेरि सतहमा आएको छ। यो घटनाले विश्व समुदायमा सकारात्मक उदाहरण प्रस्तुत गरेको छैन। बरु कुनै पनि शक्तिशाली राष्ट्रले कमजोर राष्ट्रमाथि कुनै पनि बेला यही शैलीमा हमला गर्न सक्छ र त्यहाँका राष्ट्र प्रमुखलाई यसैगरी उठाउन सक्छ भन्ने नजिर स्थापित गरेको छ। भौगोलिक रूपमा साना वा ठूला, आर्थिक रूपमा धनी वा गरिब तथा विचारधाराका रूपमा पुँजीवादी वा समाजवादी राष्ट्रको वर्तमान र भविष्य निर्णय गर्ने अधिकार सम्बन्धित देशका नागरिकलाई हुन्छ। तत्कालीन शासकले अत्याचार गरेको छ भने उसलाई सच्याउने अधिकार सम्बन्धित देशको संसद् र अदालतलाई हुन्छ। संसद् र अदालतले पनि सम्झौता गरे भन्ने लागेमा मताधिकार वा आन्दोलनबाट सत्ता बदल्ने अधिकार नागरिकसँग हुन्छ। तर कुनै पनि उपाय कार्यान्वयन नभए आन्दोलनबाट 'सत्तापलट' गर्ने भेनेजुएलाका नागरिकको अधिकारलाई अवमूल्यन गर्दै त्यहाँकाराष्ट्रपतिलाईजसरीकब्जा गरिएको छ। यसरी कुनै पनि देशका नागरिकको सार्वभौम अधिकार अर्को देशको सैन्य शक्तिबाट हुने हो भने सिमाना, सार्वभौमसत्ता र लोकतन्त्रको कुनै औचित्य हुने छैन। भेनेजुएलामा राष्ट्रपति मदुरोले गज्जब लोकतान्त्रिक शासन चलाएका थिए भन्ने होइन। तर, मदुरोमाथि प्रश्न गर्ने हो भने चीनमा सी चिनफिङ र रुसमा भ्लादिमिर पुटिनले कसरी शासन चलाएका छन् भन्ने प्रश्न अझ बढी पेचिलो हुनुपर्ने हो। तर चीन र रसियाका नेतासँग भेटवार्तामा रमाउने अमेरिकी राष्ट्रपतिले भेनेजुएलाका नेतालाई भने शयनकक्षबाट उठाएर, हतकडी लगाएर, आफ्नो कठघरामा उभ्याउन सक्छन् भने

vianet
अब सबै connected

# दोस्रो आर्थिक गणना आउँदो चैतदेखि असारसम्म हुने

टक नेपाल




राष्ट्रिय तथ्याङ्क कार्यालयले आउँदो चैत १ गतेदेखि दोस्रो आर्थिक गणना शुरू गर्ने भएको छ। कार्यालयले आज गणनाको तालिका, लोगो र नारा सार्वजनिक गरेको हो। 'अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने नारासहित हुने आर्थिक गणना असार मसान्तसम्म चल्नेछ।

२०७५ सालको वैशाखमा पहिलो पटक आर्थिक गणना भएको थियो। दोस्रो आर्थिक गणनामा आर्थिक विवरणदेखि उद्योगहरूबाट भएको उत्पादनसम्मको विवरण समावेश गरिने कार्यालयले जनाएको छ।

आर्थिक गणनामा प्रतिष्ठानहरूमा गएर नेपालमा उद्योगको अवस्था, रोजगारी सिर्जनाको अवस्थासमेत हेरिनेछ। कार्यालयका अनुसार आर्थिक गणनाका लागि पाँच हजार गणक नियुक्त हुँदैछन्।

राष्ट्रिय आर्थिक गणनाबाट उद्योग, व्यापार, व्यवसाय, सेवा क्षेत्र, सहकारी तथा निजी-सार्वजनिक संस्थाहरूको सङ्ख्या, प्रकार, लगानी, रोजगारी, उत्पादन र सेवा प्रवाहसम्बन्धी विवरण सङ्कलन गर्ने योजना छ। कार्यालयले विभिन्न १८ वटा क्षेत्रको आधारभूत विवरण सङ्कलन गर्नेछ।

तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी कमलप्रसाद पोखेलले आर्थिक कारोबार गर्ने क्षेत्रहरूको अवस्था जान्नका लागि यो गणना महत्वपूर्ण हुने बताउनुभयो। २०७५ को पहिलो राष्ट्रिय आर्थिक गणनामा देशैभर ९ लाख २३ हजार ३ सय ५६ प्रतिष्ठान र व्यवसाय गणना गरिएको थियो। जसमा ३२ लाख २८ हजार ४ सय ५७ मानिस संलग्न रहेका विवरण सार्वजनिक भएको थियो।

तथ्याङ्क कार्यालयका उपप्रमुख तथ्याङ्क अधिकारी एवम् प्रवक्ता हुण्डीराज लामिछानेले आर्थिक गणनाको उद्देश्य नेपालभर सञ्चालनमा रहेका आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरूको आधारभूत विवरण सङ्कलन, प्रशोधन गर्न गर्न लागिएको बताउनुभयो। उहाँकाअनुसार सरकारले तय गर्ने नीति निर्माण र योजना तर्जुमा गर्न तथा नीतिमार्फत लिएका लक्ष्यहरूको मापनमा आर्थिक गणनाले सहयोग गर्नेछ।

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

औरही नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!





- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,
- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

सोनमा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

WebSurfer
THE BROADBAND COMPANY
Fiber Internet, IPTV and Corporate Intranet Services
SUPER FAST FIBER INTERNET
HOME & BUSINESS
Fiber Internet
IPTV

# पत्रकार साहमाथि आक्रमणप्रति नेपाल पत्रकार महासंघ पर्साको गम्भीर ध्यानाकर्षण




● पवन प्रसाद साह

विभिन्न धार्मिक समुदायले बिरगंज सहितका स्थानमा गरेको प्रदर्शनको समाचार संकलन गर्ने क्रममा सञ्चारकर्मीमाथि भएको आक्रमण र दुर्व्यवहारप्रति नेपाल पत्रकार महासंघ, पर्सा शाखाले गम्भीर ध्यानाकर्षण जनाएको छ । महासंघले जारी गरेको प्रेस विज्ञप्तिमा भोजपुरी टाइम्स दैनिकका कार्यकारी सम्पादक श्रवण साहमाथि भएको आक्रमणको कडा निन्दा गरिएको छ । विज्ञप्तिअनुसार शान्तिपूर्ण प्रदर्शनको दृश्य संकलन गरिरहेका बेला केही प्रदर्शनकारीले सञ्चारकर्मीको मोबाइल खोस्नुका साथै कुटपिट गरी समाचार संकलनमा अवरोध पुऱ्याएका थिए । पत्रकारमाथि गरिएको यस्तो आक्रमण प्रेस स्वतन्त्रता तथा नागरिकको सूचित हुने अधिकारमाथिको ठाडो हस्तक्षेप भएको महासंघको ठहर छ। महासंघले घटनामा संलग्न दोषीहरूलाई तत्काल पहिचान गरी कडा कानुनी कारबाही गर्न सम्बन्धित निकायसँग मागसमेत गरेको छ। साथै स्वतन्त्र प्रेसविरोधी यस्ता गतिविधि तुरुन्त रोक्न चेतावनी दिएको छ । महासंघले धार्मिक तथा सामाजिक विषयमा समाचार प्रकाशन र प्रसारण गर्दा सञ्चारमाध्यमले विशेष संयम र सावधानी अपनाउनुपनेमा जोड दिएको छ। पत्रकार आचारसंहिता २०७३ (पहिलो संशोधन २०७६) अनुसार जाति, धर्म, भाषा, संस्कृति र समुदायबीच सामाजिक सद्भावमा खलल पुग्ने खालका सामग्री उत्पादन, प्रकाशन तथा प्रसारण गर्न नहुने स्पष्ट गरिएको छ । लाइभ प्रसारण तथा सामाजिक सञ्जालमार्फत प्रवाह गरिने सामग्रीले समुदायबीच नकारात्मक प्रभाव पार्न सक्ने भएकाले सञ्चारमाध्यम यस विषयमा थप सचेत हुनुपर्ने महासंघको धारणा छ। पत्रकार आचारसंहिताविपरीत सामग्री प्रकाशन तथा प्रसारण गर्ने प्रवृत्ति बढ्दै गएको प्रति समेत महासंघले चिन्ता व्यक्त गरेको छ । महासंघले सबै पक्षलाई संवैधानिक अधिकार प्रयोग गर्दा धार्मिक तथा साम्प्रदायिक सद्भावमा असर नपने गरी अभिव्यक्ति दिन, प्रेस स्वतन्त्रताको सम्मान गर्न तथा घटनाको निष्पक्ष छानबिन गरी पत्रकारको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ।




# भेनेजुएला घटनामा विश्वको परीक्षा

● टक नेपाल




सन् २०२६ को सुरुवात विश्व राजनीतिक इतिहासमा एउटा डरलाग्दो नजिर स्थापित गर्दै भएको छ।

'अपरेशन एब्सोल्युट रिजोल्भ' नाम दिइएको अमेरिकी सैन्य अपरेसनमार्फत भेनेजुएलाका राष्ट्रपति निकोलस मादुरो र उनकी पत्नीलाई पक्राउ गरी अमेरिका लगेको घटनाले एकसाथ अनेकन प्रश्न उठाएका छन् ।

अमेरिकी कदमले दोस्रो विश्वयुद्ध पूर्वको भीषण सामरिक द्वन्द्व र विश्वव्यापी अस्तव्यस्तता सम्झाएको छ। यसले अन्तर्राष्ट्रिय कानुनको मर्ममाथि प्रहार हुनुका साथै विश्व व्यवस्थालाई नै गिज्याएको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले केवल एउटा देशको सत्ता परिवर्तन भने पनि यो घटनाले शक्तिशाली राष्ट्रले आफ्नो स्वार्थका लागि कुनै पनि सार्वभौम राष्ट्रको अस्तित्वलाई जुनसुकै धज्जी उडाउन सक्छ भन्ने नजिर स्थापित भएको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले भनेझैं, यो एक 'खतरनाक नजिर' हो । शक्तिशाली राष्ट्रहरूले आफूलाई मन नपर्ने देशका नेताहरूलाई समात्दै हिँड्ने 'जङ्गली कानुन' हावी हुने दिशामा विश्व हिंड्न लागेको सन्देशले साना र मझौला देशहरूमा कहिल्यै नमेटिने मनोवैज्ञानिक त्रास पैदा गरेको छ।

अमेरिकाको यो कदमले विश्वव्यापी रूपमा सैन्य हस्तक्षेपको बाटो खोलेको छ, जसको परिणाम अप्रत्याशित हुनेछ। भेनेजुएला एक स्वतन्त्र र सार्वभौम राष्ट्र हो। कुनै पनि देशको शासन पद्धति कस्तो हुने र त्यहाँको नेता को बन्ने भन्ने निर्णय गर्ने पूर्ण अधिकार त्यहाँका जनतामा निहित हुन्छ। निकोलस मादुरो अधिनायकवादी हुन् वा होइनन्, त्यसको हिसाबकिताब भेनेजुएलाका जनताले चुनाव वा आन्तरिक आन्दोलनमार्फत गर्ने विषय हो । त्यसैले अमेरिकाले 'नाको-टेररिज्म' (लागूऔषध आतंकवाद) को आरोप लगाएर एक सार्वभौम देशको बहालवाला राष्ट्रप्रमुखलाई पक्राउ गर्नु अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघन हो । यदि कुनै राष्ट्रप्रमुख लागूऔषध कारोबारमा संलग्न छन् भने उनलाई कारबाही गर्ने वैध प्रक्रियाहरू हुन्छन्। अन्तर्राष्ट्रिय अदालत, कूटनीतिक दबाब, बहुपक्षीय संयन्त्र परिचालनको बाटा छँदैछन् । एक देशमाथि बम खसालेर, राष्ट्रपतिलाई अपहरण गरेर, अर्को देशलाई सेनाको बलमा चलाएर कानुनी शासन स्थापित हुँदैन।

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,



- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

बलवा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल

## शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!



- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खानेकुराहरु खाने,




- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

सोनमा गाउँपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



# मधेस सबै समुदायको साझा घर हो : मुख्यमन्त्री यादव

● टक नेपाल

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेस सबै समुदायको साझा घर भएको बताएका छन् । मुख्यमन्त्री यादवले आज एक सन्देश जारी गर्दै विविधता नै मधेसको सामर्थ्य र शक्ति भएको बताए।

उनले मधेसको वास्तविक शक्ति एकतामा रहेको र विभाजनले समाज, राज्य तथा नागरिक सबैलाई कमजोर बनाउने धारणा राखे। हाल केही स्थानमा देखिएका तनाव, अफवाह र उत्तेजनाप्रति प्रदेश सरकारको गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै मुख्यमन्त्री यादवले हिंसाले कहिल्यै समाधान नदिने बताए।

धर्मका नाममा फैलाइँदै आएको घृणा, हिंसा र विभाजन सभ्य समाजका लागि अस्वीकार्य भएको उल्लेख गर्दै यस्ता गतिविधिले समाजलाई झनै कमजोर बनाउने उनको भनाइ छ ।

प्रदेश सरकार सबै नागरिकको सुरक्षा, सम्मान र समान अधिकारप्रति पूर्ण रूपमा प्रतिबद्ध रहेको उनको भनाइ छ । मुख्यमन्त्री यादवले शान्तिसुरक्षाको अवस्था थप सुदृढ बनाइने उल्लेख गरे। साथै, अफवाह फैलाउने तथा घृणात्मक गतिविधिमा संलग्न




जो कोहीलाई कानुनअनुसार कडा कारबाही गरिने स्पष्ट चेतावनी दिए ।

मुख्यमन्त्री यादवले सबै धर्मगुरु, राजनीतिक दल, युवा तथा सचेत नागरिकलाई संयम, संवाद र सहअस्तित्वको मार्ग अवलम्बन गर्न आग्रह गर्दै समस्या समाधान सधैं संवादबाट हुने, द्वन्द्वबाट कहिल्यै नहुने धारणा व्यक्त गरे।

## तराई-मधेशमा धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने गतिविधिप्रति गृह मन्त्रालयको गम्भीर ध्यानाकर्षण




● टक नेपाल

गृह मन्त्रालयले तराई-मधेशका विभिन्न जिल्लामा धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने गतिविधि भइरहेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

सोमबार जारी विज्ञप्तिमा गृह मन्त्रालयले सामाजिक सञ्जालको दुरुपयोग गर्दै कानुनले निषेध गरेका द्वेषपूर्ण तथा भ्रामक अभिव्यक्ति सार्वजनिक गरी शान्ति सुव्यवस्थामा असर पुऱ्याउने जो-कोहीलाई कानुनअनुसार कारबाही गरिने स्पष्ट पारेको छ।

पछिल्लो समय केही व्यक्तिले फरक धर्मप्रति असहिष्णुता फैलिने गरी सामाजिक सञ्जालमा भिडियो पोस्ट गरेपछि मधेश प्रदेशका धनुषा र पर्सा जिल्लामा प्रदर्शनका कार्यक्रमहरू भइरहेका छन्।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले धनुषासहितका जिल्लामा निश्चित समुदाय र धर्मलाई लक्षित गरी अवैधानिक गतिविधि गर्ने 'हरूलाई कारबाहीको दायरामा ल्याइएको जानकारी दिए।

उनका अनुसार गृहमन्त्री ओमप्रकाश अर्यालले तराई-मधेशका जिल्लामा देखिएका गतिविधिबारे विभिन्न समुदायसँग समन्वयात्मक बैठक तथा केन्द्रीय सुरक्षा समितिको बैठकसमेत गरेका छन्।

प्रवक्ता काफ्लेले सोमबार पनि गृहमन्त्री अर्यालले तराई-मधेशका २१ जिल्लाका सुरक्षा समितिका पदाधिकारी, केन्द्रमा रहेका सम्बद्ध आयोगका पदाधिकारीहरूसँग शान्ति सुरक्षा, धार्मिक सहिष्णुता र सामाजिक सद्भावका विषयमा छलफल गर्दै सबैलाई संयमता अपनाउन आग्रह गरेको जानकारी दिए।

## धार्मिक तथा सामाजिक सद्भाव कायम गर्न जिल्ला प्रशासन कार्यालय धनुषाको अपिल

जिल्ला प्रशासन कार्यालय धनुषाले जिल्लामा सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुता कायम गर्न सबैलाई आग्रह गरेको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले आइतबार एक सूचना जारी गरी जिल्लामा शान्तिसुरक्षा तथा अमनचयनका लागि सबैमा अपिल गरेका छन् । सूचनामा भनिएको छ, "विभिन्न बहानामा सामाजिक सञ्जालको दुरुपयोग गरी सामाजिक सद्भाव तथा धार्मिक सहिष्णुतामा खलल पुऱ्याउने, धर्मलक्षित टीकाटिप्पणी गर्ने, अमर्यादित व्यवहार प्रदर्शन गर्ने, धार्मिकस्थलमा तोडफोड तथा आगजनी र लुटपाट गर्नेलगायत गैरकानुनी तथा हिंसात्मक र सामाजिक द्वेष फैलाउनेलाई प्रचलित कानुनबमोजम कार्यवाही हुनेछ ।" यसैगरी जिल्लामा क्रियाशील विभिन्न धार्मिक संघ/संगठन, राजनीतिक दल तथा सञ्चारमाध्यमलगायत सरोकार भएकाहरूलाई शान्तिपूर्ण वातावरण बनाउन सहयोगका लागि आग्रहसमेत गरिएको छ।

## जसपा नेपालका 'स्वामीजी' आम जनता पार्टीमा प्रवेश




सिरहामा जनता समाजवादी पार्टी (जसपा) नेपालका नेता रामलोचन ठाकुर आमजनता पार्टीमा प्रवेश गरेका छन्। जसपा नेपाल सिरहा जिल्लाका पूर्वजिल्ला अध्यक्ष रामलोचन ठाकुर 'स्वामीजी' सहित विभिन्न राजनीतिक दलका नेताहरुसमेत आम जनता पार्टीमा प्रवेश गरेका छन् । आम जनता पार्टीको केन्द्रीय कार्यालय कोटेश्वरमा आइतबार आयोजित विशेष कार्यक्रममा ठाकुर 'स्वामीजी' सहितका नेता तथा कार्यकर्ताहरूले पार्टीको नीति, सिद्धान्त र कार्यक्रमप्रति विश्वास व्यक्त गर्दै औपचारिक रूपमा पार्टी प्रवेश गरेका हुन् । उक्त कार्यक्रममा आजपाका अध्यक्ष प्रभु साहले नवप्रवेशीहरूलाई खादा, माला र टीका लगाएर स्वागत गरेका थिए। पार्टी नेतृत्वले अनुभवी र जनआधारित नेताको प्रवेशले संगठन सुदृढीकरणमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेको छन् । विशेषगरी सिरहा जिल्ला तथा मधेस प्रदेशमा पार्टीको जनाधार विस्तार हुने अपेक्षा गरिएको छ । नवप्रवेशीका तर्फबाट बोल्दै रामलोचन ठाकुर 'स्वामीजी'ले सुशासन, सामाजिक न्याय, जनअधिकार र भ्रष्टाचारविरुद्ध आम जनता पार्टीको स्पष्ट धारणा आफूलाई आकर्षित गरेको बताउँदै पार्टी प्रवेश गरेको जनाए । उनले आगामी दिनमा संगठन निर्माण र जनताको पक्षमा संघर्ष गर्न सक्रिय भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उक्त कार्यक्रममा सहभागी नेता तथा कार्यकर्ताहरूले आम जनता पार्टीलाई वैकल्पिक राजनीतिक शक्तिका रूपमा स्थापित गर्न एकजुट भएर अघि बढ्ने संकल्प लिएका छन् ।


शीत लहर तथा चिसोबाट हुने क्षती न्यूनीकरण सम्बन्धी सचेतनात्मक सन्देश !!!

- जाडो यामको लागि समयमै न्यानो कपडाको जो हो गरौं,
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं,
- घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं,
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र घर भित्र राति सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रबन्ध मिलाऔं,
- शीतलहर चलेको समयमा शीत नपर्ने सुरक्षित ठाउँमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाऔं,
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खाने कुरा र पर्याप्त मात्रामा तातो र झोलिलो खाने कुराहरु खाने,





- बालबालिका, वृद्ध-वृद्धा, गर्भवती महिला तथा विरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने,
- शीत लहर चलेको बेलामा पाल्तु पशुपंक्षीहरुलाई सकेसम्म खुला स्थानमा चराउन नलैजाने, घर टहरामै राखेर पर्याप्त घाँस पराल र दाना दिने,
- चिसोका कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य संस्थामा तुरुन्त उपचारको लागि जाने,
- चिसोका कारण पशुपंक्षी विरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी उपचार गर्ने,
- कोठा भित्र आगो, मकल, हिटर लगाएतबाट तातो पार्दा पर्याप्त भेन्टिलेशन (हावा आवगतजावत) को व्यवस्था मिलाउने,
- शीत लहरबाट हुन सक्ने कृषिबाली र पशुपंक्षीको क्षतीलाई न्यून गर्न सेड, छाप्रो, छानो, प्लाष्टिक लगाएतका संरचनाद्वारा सुरक्षित गर्ने।

भगहा नगरपालिका, महोत्तरी
मधेश प्रदेश, नेपाल



अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल

- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागको विशेषज्ञ डाक्टरहरुद्धा उत्कष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनोरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०


बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014